नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

फोन: ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्स: ०१०-५४०१३३
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: www.daorasuwa.moha.gov.np
476W+J6
धुन्चे, रसुवा

पत्र संख्या : ०७७।७८
चलानी नम्बर :

मितिः २०७८।०२।१३

## प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

विश्वभर फैलिँदै गैरहेको नयाँ भेरियन्टको कोभिड-१९ को महामारी नेपालमा समेत फैलिएको र पछिल्ला दिनहरुमा कोभिड-१९ को संक्रममण दर बढ्दै गैरहेकोले यस जिल्लामा समुदायस्तरमा संक्रमणको उच्च जोखिमलाई न्यूनीकरण गर्न जिल्लास्तरीय कोभिड-१९ संकट व्यस्थापन केन्द्र (DCCMC), रसुवाको मिति २०७८।०२।१३ गते बसेको बैठकबाट थप ७ (सात) दिन निषेधाज्ञा निरन्तरता हुन सिफारिस भएकोले स्थानीय प्रशासन ऐन, २०२८ तथा कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ बमोजिम मिति २०७८।०२।२० गते राती १२:०० बजेसम्म रसुवा जिल्लाभर लागू हुनेगरी निषेधाज्ञा निरन्तरता दिइएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

यस आदेशको उलङ्घन गर्ने, आदेशको पालना गर्ने कार्यमा अवरोध गर्ने, औषधि, औषधिजन्य सामग्री, अत्यावश्यक उपभोग्य बस्तु वा सेवाको आपूर्तिमा कृतिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, जम्माखोरी गर्ने, लुकाउने वा सहज आपूर्तिमा अवरोध गर्ने/गराउने कार्य गरेको पाईएमा स्थानीय प्रशासन ऐन, २०२८ तथा कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ।

ईश्वरी प्रसाद ढकाल
प्रमुख जिल्ला अधिकारी